# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-४२ | २०७७ जेष्ठ १४ गते बुधबार | 27 May 2020 Wednesday | मूल्य रू. १०/-



## कोरोना संक्रमितको संख्या ११ पुग्यो

मिसन न्यूज

सुर्खेत

कर्णालीमा कोरोना संक्रमणको संख्या ११ पुगेको छ। कर्णाली प्रदेशमा थप पाँच जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कर्णाली प्रदेश प्रयोगशालामा थप दैलेख गुराँस गाउँपालिकाको २ जनामा कोरोना संक्रमण पोजेटिभ देखिएपछि ११ जनाको पुष्टि भएको कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखा प्रमुख डाक्टर लक्ष्मी नारायण तिवारीले जानकारी दिएका छन् । गुराँस गाउँपालिकाका २४ र ३५ वर्षीय दुवै जना पुरुष रहेका छन् । दैलेख सदरमुकाम नारायण नगरपालिका-३ का १५ वर्षीय र नारायण नगरपालिका-६ का १६ वर्षीय किशोर, त्यसैगरी डुङ्गेश्वर गाउँपालिका-१ का २९ वर्षीय एक पुरुषसँगै २७ वर्षीया उनकी श्रीमती र सोही वडाका २७ वर्षीय पुरुषमा कोरोना पुष्टि भएको हो। उनीहरु सबै भारतबाट आएका हुन्। संक्रमण पुष्टि भएका ५ जनालाई आइतबार नै सदरमुकामको सरस्वती मावि तर्ताङ्गमा रहेको कोरना आइसुलेसन वार्डमा राखिएको स्वास्थ्य सेवा कार्यालय दैलेखका कोभिड फोकलपर्सन थीरप्रसाद





प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मा मन्त्रीज्यू ०८३ ५२५६५०
सचिवज्यू ०८३ ५२५६१२
प्रशासन शाखा ०८३ ५२३६७२
लेखा शाखा ०८३ ५२१७१२
फ्याक्स ०८३ ५२२०२९

मिति २०७७/०२/१२

प्रेस विज्ञप्ति

अद्यावधिक विवरण अनुसार कर्णाली प्रदेशमा कोभिड–१९ का पुष्टी भएका संक्रमितहरूको जम्मा संख्या ११ (एघार) पुगेको छ र नयाँ पुष्टी भएको संख्या ७ (सात) पुगेको छ ।
२४ घण्टामा कोभिड–१९ का नयाँ पुष्टी भएकाहरूको विवरण यस प्रकार छ ।

| परीक्षण गरिएको प्रयोगशाला | जम्मा | जिल्ला | नपा/गापा | उमेर (वर्ष) | लिङ्ग |
|---|---|---|---|---|---|
| भेरी अस्पताल, नेपालगञ्ज | ५ | दैलेख | नारायण नपा | १५, १८ | पुरुष |
| | | | डुंगेश्वर गापा | २९, २७ | पुरुष |
| | | | | २५ | महिला |
| प्रदेश अस्पताल, सुर्खेत/ पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, सुर्खेत | २ | दैलेख | गुराँस गापा | २४, ३५ | पुरुष |

डा लक्ष्मी नारायण तिवारी
महाशाखा प्रमुख, स्वास्थ्य सेवा महाशाखा
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश
अद्यावधिक मितिः २०७७ जेठ १२ गते बिहान ८.५० बजे

कर्णाली प्रदेशमा थप पाँच जनामा कोरोना संक्रमण पुष्टिको विवरण : मिसन न्यूज

रेग्मीले जानकारी दिए । स्वास्थ्यकर्मीहरुको सल्लाहमा संक्रमण देखिएका दम्पतिसंगै एक वर्षीय एक बालक पनि आइसुलेसनमा राखिएको डुङ्गेश्वर गाउपालिका- १ का वडाध्यक्ष लोकबहादुर डाङ्गीले बताए । कोरोना संक्रमित ११ जनाकै स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ।

## दोषीलाई कारपवाहीको माग गर्दै प्रर्दशन

मिसन न्यूज

कालिकोट

रुकुम पश्चिम चौरजहारी नगरपालिका(८ सोतीमा दलित युवामाथि गरिएको ज्यादती विरुद्धमा कालिकोटका युवाले विरोध प्रदर्शन गरेका छन्। लिगाँशैनी युथकलवले मंगलबार लकडाउनमा बजार सुनसान रहेका बेला युवाहरुले हातमा प्लेकार्ड लिएर तत्कालिन नेकपा माओवादी र दश वर्षे शसक्त द्वन्द्वको नेतृत्व गरेको रुकुमका यस्तो जातीय दन्डले घटनाका दोषीलाई कडा कारपवाही गरियोस् भनी विरोध गरेका हुन् । दलितमाथि हुने विभेद अन्त्य गर, रुकुममा दलितमाथि ज्यादती गर्नेहरुलाई कानुनी कारबाही गर जस्ता नाराबाजीसहित विरोध प्रर्दशन गर्दै बजारमा विरोध प्रर्दशन पछि प्रतिमा चोकमा आयोजित विरोधसभामा लिंलासैनी युथ क्लव कालिकोटका अध्यक्ष हिक्मत मल्लले एक्काइसौं सताब्दीमा पनि दलित समुदायमाथि हुने विभेद अन्त्य नभएको भन्दै सरकारले रुकुममा दलितमाथि ज्यादती गर्नेहरुलाई कडाभन्दा कडा कारबाही गर्न माग गरे । उनले भने, 'मुलुकमा संविधान बनेको छ । दलितका हक अधिकार कागजमा प्रसस्तै छन् । तर न्याय हराएजस्तो जगन्य अपराधका घटनामा कमी आएको छैन् ।' उनले भने, 'अन्तरजातीय प्रेम सम्बन्धले दलितको मृत्यु कहिलेसम्म ? छुवाछुत र भेदभाव अन्त्य गारौं भन्ने नारा नारामा मात्र किन सीमित ?




भन्दै प्रश्न गरे । 'आरक्षणको कुरा गर्ने वित्तिकै हलो जोत्ने गरिब बाहुन र ज्वइलर्स पसल गर्ने धनी सुनारको कुरा ल्याउँछन् । हामीलाई आरक्षण चाहिएन, धन आफै कमाउँला, बरु गरिबै र हौंला, समाजमा समान रुपमा घुलमिल हुन दिए पुग्छ,' उनले भने ।

कार्यक्रममा कलवका साल्हाकार भरत शाहीले रुकुममा दलित युवामाथि आक्रमण गरी ज्यान लिनेलाई आजीवन कैदको सजाय हुनुपर्ने बताए । उनले भने, 'दलित युवाको ज्यान लिनेलाई सरकारले कडा कारबाही गरोस्। घटनाको सत्यतथ्य छानबिन गरियोस।दलितको रगतमा केसैले राजनीति गर्ने अवस्था नओस् । यस घटनाका दोषीको कारबाहीले मुलुकमा दलितलाई हुने विभेदको अन्त्य हुने अवस्था सिर्जना होस्। प्रेम गर्दा ज्यान लिन पाइदैन् ।'

उनीहरुले दोषीमाथि हदैसम्मको कारवाही नभए युवाले थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्। वर्गीय मुक्तिका लागि लडिएको भनिएको जनयुद्धको केन्द्र र जातीय छुवाछुत मुक्त जिल्ला घोषणा समेत गरिएको रुकुम पश्चिम यस्तो दुखद घटना भएको बताए। देश र समाज परिवर्तन गर्न भनी दश वर्षे युद्धको उदघम स्थलको रुपमा रहेको रुकुममा यस्तो घटनाले अन्तराष्ट्रिय जगतमा पनि मुलुकको शीर निहुरिएको उनीहरुको भनाइ थियो

## घर-घरमै पढाई, शिक्षक बने अभिभावक

जाजरकोट- कुशे गाउँपालिकामा बालबालिकाका लाई पढाउन नयाँ बिधिको अबलम्बन गरिएको छ । लकडाउनका कारण देशभर बिद्यालयहरू बन्द रहेको बेला बालबालिका पढाउन अभिभावक नै शिक्षक बनेका हुन् । घर-घरमै दैनिक पढाई कार्य संचालनमा आएको छ । सामाजिक दुरी कायम गरेर विश्वव्यापी कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण गर्न सरकार ले गरेको लकडाउनबाट बिद्यालय जानबाट बन्चित भएका प्रारम्भिक बाल बिकास केन्द्र र कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत बालबालिकाहरुको शिक्षक घरका अभिभाव बनेका हुन्।

पढाईका लागि बिद्यालय जानबाट बन्चित बालबालिकाहरुलाई कुलत कार्यमा लाग्न, विकृति एवं बिसंगतीबाट रोक्न, घरमा हुने बालश्रमबाट जोगाउन, घरमै पढ्ने बानीको बिकास गर्न घर-घरमै विद्यालय अवधारण ल्याइएको पहाडी क्षेत्र विकास अभियान जाजरकोटका सामाजिक परिचालन अधिकृत निर्मला थापाको भनाई रहेको छ । समय तालिका निर्माण गरेर दैनिक बालबालिकाको व्यक्तिगत सरसरफाइ र पढाइमै व्यस्त राख्न कुशे गाउँपालिकामा अभिभावकहरु लागि परेको अधिकृत थापाले जानकारी दिईन। बालबालिकाका आमा-वुवा, दाजु-दिदीहरुले घर -घरमै शिक्षकको भुमिका निर्वाह गरेका छन् अधिकृत थापाले भनिन्-'गाँउपालिकामा अहिले ६३ घरधुरीका २४ जना प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत १ सय ७ जना कक्षा १ देखि १० सम्म अध्ययनरत बालबालिकाहरुलाई घरमै अभिभावकले विद्यालय कार्य तथा पढाई कार्यमा सहभागी गराई रहेका छन ।' समय तालिका अनुसार दैनिक घरमै पढाई कार्य सुरु भएपछि बालबालिकाहरुको पढाई कस्तो होला ? भन्ने अभिभावकको चिन्ता कम हुन थालेको अधिकृत थापाले दावी गरेकी छन्।

लकडाउनका कारण विद्यालय जान बन्चित भएका बालबालिकाहरुको पढाईमा सुधार हुनुको साथै अभिभावकको चिन्ता हराएको उनले बताईन्। गाँउपालिकाको समन्वय, सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा पहाडी क्षेत्र विकास अभियान जाजरकोटले कुशे गाँउपालिकामा सन् २०१९ अप्रिलदेखि सहयात्रा दोस्रो र अवसर परियोजना संचालनमा रहेको छ । उक्त परियोजनाले बालबालिकाहरुको बालमैत्री वातावरणमा स्थानीय शैक्षिक सामाग्री निमार्ण तथा प्रयोग गरी बालबालिकाको विद्यालयमा नियमितता, सिकाइ उपलब्धी वृद्धि गर्न र विद्यालयमा शान्त वातावरण सृजाना कार्यलाई कार्यान्वयनमा ल्याई रहेको छ ।

# सम्पादकीय...

## बजेटमा सरकारको बेवास्ता

संविधानको परिकल्पना अनुसार अहिले तीन तहको संरचना कार्यान्वयनमा छ। त्यसमध्येका दुई तह (प्रदेश र स्थानीय) हाम्रा लागि नयाँ छन्। र, यी दुई तह गठनका हिसाबले जति नयाँ छन्, जनअपेक्षाका हिसाबले उति नै पुराना । 'गाउँगाउँमा सिंहदरबार' भनेर हरेक क्षेत्रको विकासमा तीव्र गतिको आशा जगाएकै कारण प्रदेश र स्थानीय सरकारप्रति आम मानिसमा निकै अपेक्षा छ । चुनावको बेला गरिएका प्रतिबद्धतामा पनि जनप्रतिनिधिहरू बाँधिएका छन् । उनीहरूले गरेका धेरै किसिमका वाचाहरूमा स्वास्थ्य क्षेत्र पनि पर्छ । संविधानले स्वास्थ्यलाई मौलिक हक अन्तर्गत राखेको छ भने संघदेखि स्थानीय तहसम्मका चुनावी उम्मेदवारले त्यसलाई आफ्नो घोषणापत्रको महत्वपूर्ण अंश बनाएका थिए। तर जति अपेक्षा र प्रतिबद्धता थिए/छन्, त्यसलाई मूर्तरूप दिन यस पटकको बजेटको आकारले अवरोध गर्ने देखिएको छ । आगामी आर्थिक वर्षका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश र स्थानीयसहित जम्मा ४२ अर्ब ९५ करोडको बजेट सिलिङ पाएको छ। यो भनेको निकै कम बजेट हो । ज्ञज्ञ संगठनले हरेक देशले कुल बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रमा छुट्याउन गरेको सिफारिस पनि पालना हुन सकेको छैन। हाम्रो जस्तो देशमा बहुआयामिक समस्याले घेरिएको स्वास्थ्य क्षेत्रलाई सरकारले गरेको स्पष्ट बेवास्ता हो। जनताको सबैभन्दा सरोकारको विषय रहेको स्वास्थ्य क्षेत्रमा तीन प्रतिशतभन्दा पनि कम बजेट हुनु दुःखद अवस्था हो। संघीयता कार्यान्वयनको सुरुवाती यो समयमा विवेकसम्मत निर्णय गर्नुपर्ने आवश्यकता छ। उपलब्ध बजेटलाई कसरी प्रभावकारी ढंगले परिचालन गर्ने, आवश्यकताको पहिचान र प्राथमिकता कसरी छुट्याउने भन्नेमा प्रदेशका स्वास्थ्य संयन्त्र र स्थानीय जनप्रतिनिधिहरूले आफूलाई खरो उतार्नुपर्ने आवश्यकता छ। स्थानीय तहको विशिष्ट समस्यालाई पहिचान गर्ने र समाधानको मितव्ययी उपाय खोज्नु जरुरी छ। यस्तो हुन सकेमा मात्रै प्रदेश र स्थानीय सरकारको यथार्थता पुष्टि हुन्छ। त्यसो त अब प्रदेश र स्थानीय सकारले आफ्नो योजनालाई लागू गर्न आफूभित्रैबाट सम्भावना खोज्ने समय पनि आएको छ। खासमा हामीले संघीय प्रणालीमार्फत यही प्रयोग गर्न खोजेका हौं। झापामा देखिने स्वास्थ्य समस्या र डोल्पा देखिने समस्या उस्तै प्रकृतिका नहुन सक्छन्। यस्तो अवस्थामा जनप्रतिनिधिहरूले आफ्नो भौगोलिक स्वास्थ्य समस्यालाई पहिचान गरी आफ्नो क्षेत्रमा विशिष्ट हिसाबले स्वास्थ्यका कार्यक्रम लागू गर्न सक्छन् । साथै केन्द्र सरकारसँग दोहोरिने कार्यक्रमहरूलाई पन्छाउने र विकल्पमा नयाँ स्वास्थ्य समस्याको क्षेत्रलाई सम्बोधन गर्न सक्छन्। निर्धारित बजेट कम हुनुको अर्थ आफैंभित्र त्यसका सम्भावना खोज्ने सम्भावनाको बढोत्तरी हुनु पनि हो । जुन कुरा हाम्रो पछिल्लो राजनीतिक संरचनाको अभिप्राय पनि हो । प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्रको विशिष्ट स्वास्थ्य समस्यालाई निराकरण गर्न आफैंभित्रका स्रोत र राजस्वलाई परिचालन गर्न सके भने यो नयाँ संरचनाले पनि सार्थकता पाउनेछ ।

# भारतबाट भित्रिए पछि,जिल्लामा त्रास बढ्दो

**मिसन न्यूज**
**दैलेख**

लकडाउनको ५६ औं दिनपछि दैलेखको आठबीस नगरपालिका-१ सात्तलाका ३५ वर्षीय युवकमा कोरोना भाइरस पुष्टि भयो । सम्बन्धित ठाउँमै रहेको क्वारेन्टिनमा रहेका उनलाई भारतबाट उद्धार गरी ल्याइएको थियो। ती व्यक्तिमा कोरोना पुष्टि हुँदा उद्धार गरी ल्याइएका कति व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण छ भन्ने सबैको पिसिआर कुनै ठोस सावधानी नअपनाइँदा सर्वसाधारणमा त्रास फैलिरहेको छ। कोरोना सङ्क्रमितको उपचार कहाँ र कसरी गर्ने भन्ने विषयमा ३८ घण्टासम्म छिनोफानो गर्न नसक्दा चिन्ता बढेको नेपाल बार एशोसिएसन दैलेखका अध्यक्ष माधव अधिकारीले बताए । भएका क्वारेन्टिनम पनि न्यूनतम मापदण्ड नपुऱ्याइएका र सबै भरिभराउ छन् भने कतिपय दैलेखका ती युवकलाई सङ्क्रमण



परीक्षण गरी नसक्दा सर्वसाधारण त्रसित बनिरहेको अवस्था छ । अहिले दिनहुँ सयौँ व्यक्तिलाई धमाधम उद्धार गरी कर्णाली प्रदेशमा भित्र्याउने काम तीव्रगतिमा भइरहेको छ । बिहीबार मात्र भारतको रूपडिया नाकाबाट आएका एक हजार ६७२ मध्ये दैलेखका ७२७ जना छन्। दैलेखका कोरोना सङ्क्रमित ती युवक कर्णाली प्रदेशकै पहिलो भएको पुष्टि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नुपूर्व सयौँ व्यक्ति दैनिक आएका छन्। त्यस्तै दिनहुँ सयौँ व्यक्तिलाई उद्धार गरी ल्याउने क्रम रोकिएको छैन । भारतबाट पछिल्लो समय ल्याइएका व्यक्तिमा कोरोना पुष्टि हुँदा पनि सङ्क्रमण फैलिन नदिन पुष्टि हुनुपूर्व नै हटाइसकेका छन् । उनले भने, 'अब झन् कोरोना भुसभैँ सल्कने खतरा बढ्ने देखिन्छ । कोरोना पुष्टि भएको ३८ घण्टासम्म कहाँ उपचार गर्ने कसरी गर्ने भन्ने अन्योलमै बित्यो ।' कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री दल रावल बुधबार दिनभर दैलेख आएर अन्तिममा सरस्वती माविमा निर्माण गरिएको आइसोलेशनमा उपचार गर्ने निष्कर्षसहित फर्किए । 'हाम्रो सरकारको यो हालत छ । अब एक जनामा कोरोना देखिँदा त अवस्था कठिन भयो भने भोलि सयौँमा फैलिए कस्तो अवस्था आउला, समयमै होशियारपूर्वक रोकिएन के होला',

**बाँकी ८ पेजमा.....**

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**
रुख रोपौं,वन जोगाऔं

# संकटको बेला निजी क्षेत्रलाई जोगाउनु राज्यको दायित्व



**पदमबहादुर शाही**

अहिले कोरोना भाइरसको महामारीबाट विश्वकै अर्थतन्त्र धरासायी भएको छ । उद्योगधन्दा, व्यापार ब्यबसाय ठप्प छन् । निजी क्षेत्र निराश अवस्थामा छ । तैपनि आशाको पर्खाइमा रहेको छ । यो होटेल चल्ने मुख्य सिजन हो । अब गइसक्यो । सरकारले राजस्व र कर तिर्ने केही समय थप गरे पनि तर अर्थतन्त्र बन्द हुँदा समस्या चर्को छ । अर्थतन्त्र चलायमान हुन सकेको छैन । हालको वाणिज्य बैंकहरुको कर्जा २५५० अर्ब रहेको अनुमान गरिएको छ । पुनर्कर्जा ५० अर्ब रहेको छ भने राष्ट्र बैंकले ६० अर्ब बनाउँदैछ । त्यो लगानीको अनुपातमा निकै कम हो । हाल बृद्धि गर्न खोजेको जम्मा १० अर्ब मात्र हो । यूएईमा कामदारलाई राख्ने, हटाउने अधिकार रोजगारदातालाई दिएको छ । यसले धेरै नेपाली फिर्ता आउनेछन् । रेमिट्यान्स घट्नेछ । ५ प्रतिशत पुनर्कर्जा पाउने व्यवस्था भएकोमा अझ कम हुनुपर्नेमा व्याजदर घटेको छ । व्यापारिक आयातका सामानहरु विभिन्न पोर्टहरुमा रहेका छन् । विश्वमै चर्को बैंक ब्याज दर भएको देश नेपाल र हामी उद्योगी व्यवसायी पर्दछौं । हाल अन्य देशले शून्य प्रतिशतमा ब्याजदर झारेका छन् । ब्याज भनेको आम्दानी गरेर तिर्ने हो । हाम्रो जस्तो कमजोर अर्थतन्त्र भयको मुलुकमा हालको चर्को व्याजको कर्जाबाट कसरी उद्योग व्यापारले धान्न सक्छ ? व्यवसायीहरुले मुख्य रुपमा खोजेको तरलता अभाव व्यवस्थापन मौद्रिक नीति व्यवसायमैत्री पुनर्कर्जा कोष वृद्धि, उर्जा, घरभाडा, श्रमिक समस्या हुन् । सरकारले पर्यटन, ठूला तथा साना मझौला उद्योग व्यापार व्यवसायमा प्राप्त हुने गरी आउनुपर्ने प्याकेजहरु सरकारको नीति तथा कार्यक्रममा अर्थतन्त्री बचाउने गरी सम्बोधन हुन जरुरी रहेको छ । तर, त्यस्तो नीति आएको छैन । सरकारको राजस्व आयकर, मुल्य अभिवृद्धि कर, भन्सारमा प्रत्यक्ष असर पर्ने र रोजगारी गुम्ने अवस्था छ । यो लकडाउनले सबैभन्दा बढी दैनिक ज्याला मजदुरी गर्नेलाई प्रभाव पारेको छ । उद्योग, व्यापार, पर्यटन क्षेत्रमा नोक्सानीको कुनै वास्तविक लेखाजोखा भएको छैन । यसको असर व्यवसायीहरुको आम्दानी र सरकारको राजस्वमा प्रत्यक्ष रुपमा परेको छ । निर्यातमा समेत पर्ने निश्चित छ । तीनै तहको सरकारको विकास बजेट खर्च गर्ने प्रणाली कमजोर भएकोले पूजीगत बजेट कम खर्च हुने देखिन्छ । त्यसको असर पनि अर्थतन्त्रमा पर्नेछ । साधारण खर्च वृद्धि भएको छ । निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा पनि सुधार हुनुपर्ने देखिन्छ । विगतमा लगानीको प्रतिष्पर्धा गरेका र पोल्ट्री, पशुपालन, कृषि र व्यापारजस्ता क्षेत्रहरुमा ठूलो असर पर्नेछ । कोरोनाको महामारीका कारण कच्चा पदार्थको आयातमा पनि असर परेको छ । यसले नेपाली उद्योगलाई समेत पर्याप्त मात्रामा कच्चा पदार्थ पाउन निकै कठिन हुनेछ । आइहालेमा पनि कच्चा पदार्थको मुल्य बढेर आउनेछ । यस्तो अवस्थाबाट उत्पन्न हुने आर्थिक क्षतिको आँकलन गरी समग्र अर्थतन्त्रलाई अगाडि कसरी बढाउने भन्नेबारे सरकारले समयमै योजना बनाउनु आवश्यक छ । सरकारले निजी क्षेत्रलाई समेत उचित राहत हुने कार्यक्रम ल्याउनुपर्छ लकडाउन जति लम्बियो त्यति नै संकट थपिँदै जाने निश्चित छ । आगामी दिनमा आफ्नै देशभित्र तयार गर्न सक्ने अत्यावश्यक चिजबस्तु मुलुकभित्र उत्पादन गर्नको लागि सरकारले साथ दिनुपर्छ । अहिलेको अवस्थामा निजी क्षेत्रले गुमाएको नोक्सानी राज्यले कसरी सम्बोधन गर्न सक्छ ? प्रधानमन्त्रीका तीन पटकको सम्बोधनमा कुनै सहानुभूति हुने खालको कुरा आएको छैन । अर्थमन्त्रीबाट पनि आउने सम्भावना देखिँदैन । लकडाउन लम्बिँदै जाँदा परिस्थितको मुल्यांकन गरी रोजगारदाता र श्रमिकबीच समन्वय गरी पारिश्रमिकजस्ता कुरा पनि टुंग्याउनुपर्छ । पुनर्कर्जा १० अर्ब बृद्धि गरी पहुँचवालाभन्दा साना तथा मझौला उद्योगलाई यसबाट लाभ लिनसक्ने व्यवस्था गर्नुपर्छ । यसो हुँदा घाटामा जाने उद्योग, व्यापार, व्यवसायले पुनर्जीवन पाउन सक्छन् । अर्कोतर्फ बैंकिङ व्याजदरलाई धान्न नसक्ने भनी विगत वर्षहरुबाटै उद्योगी व्यवसायले भन्दै आएका छन् । यद्यपि यसको सुनुवाइ भएको पाइँदैन । अब सरकारले यस कुरालाई पनि सम्बोधन गर्नुपर्दछ । नेपाल सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा यसलाई ख्याल गर्न आवश्यक छ । संघीयतासँगै प्रदेश र स्थानीय तहका सरकार पनि बनेका छन् । यस्तो अवस्थामा प्रदेश सरकारले पनि सोही अनुसारको नीति बनाउनु पर्छ । लकडाउनले पारेको प्रभावलाई प्रदेश स्तरमा उपयुक्त नीति बनाइनुपर्छ । यस्तो अवस्थामा निजी क्षेत्रले पनि सरकारलाई गर्नसक्ने सहयोग नगर्ने होइन । तर श्रममा आधारित निजी क्षेत्र नै बचेन भने भोलि सरकारले कसरी सहयोग गर्न सक्छ ? त्यसैले संकटको यस घडिमा सरकारले निजी क्षेत्रलाई बचाउनुपर्छ । राष्ट्रको समृद्धिमा भोलिको हातेमालो त छँदैछ । कर्णालीटाइमबाट


# सरकार !जनतालाई भोको पेटको महसुस नहोस्



**गणेश बहादुर शाही**

कोरोना अहिले बिश्वब्यापी रुपमा अनगिन्ती रुपमा फैलिरहेको बेला रोकथाम र नियन्त्रणका लागि नेपालमा लगडाउन गरिएको करिव तिन महिना पूरा हुन लाग्दा नेपाली नागरिक घर भित्र या रुम भित्रै बन्धको रुपमा बस्नु परेको छ । धेरै जसो उधोग धन्दा, कलकारखाना सरकारी तथा निजी संघ संस्थाहरु सबै ठप्प भईरहेको अबस्थामा छ । खाधान्न लगायत अति आवस्यक भनी तोकिएका क्षेत्रहरु खोलिए पनि सिमित समय तोकिएका कारण व्यवसायी संचालन गर्न पनि एकदमै कठिनाई भईरहेको अबस्थामा छ । औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु यति बेला उधोग धन्दामा काम गर्दै जिविका पार्जन गरिरहेका कारण धेरै जसोका भान्सामा चुलो नबल्ने अबस्थामा पुगेका छन् । सामान्यतया नेपाली नागरिकलाई तीन बर्गमा बिभाजन गरिएको छ । पहिलो बर्ग जो हुनेखाने धनाड्य पर्दछन् र यो वर्गलाई लगडाउन को कारण बाट कुनै पनि प्रभाव परेको छैन । उनीहरुको भान्सा मनोरञ्जनात्मक संग बितिरहेको छ । दोस्रो वर्ग जो मध्यमस्तरका नागरिक पर्छन् । धेरै जसो नागरिक यो बर्गमा पर्छन् । उनीहरू सरकारी तथा निजी संघसंस्था मा काम गर्ने व्यापार चलाउने आफ्नो परिवार को सामान्य खानपिन तथा शिक्षा दिक्षाको व्यवस्था गर्छन् । र यस्ता परिवार कतिपय एक जनाको कमाई मा ६र७ जना पालिएका हुन्छन् । उधोग धन्दा कलकारखाना काम गर्ने कर्मचारी बैकिङ व्यबसाय सरकारी तथा बोर्डिङ स्कुल सरकारी तथा गैह्रसरकारी संघसंस्था निजि अस्पताल लगायतका कर्मचारी ले यसै बाट दिन चार्य गुजारा चलाएका हुन्छन् । यति बेला प्रत्येक मध्यम र निम्न बर्गका परिवार को भान्सामा चुलो निभ्ने स्थिति औइरहेको छ । महामारी भने फोर्स गाडी सरिको गतिमा दौडिरहेको छ । अझै कति दिन लगडाउनमा बस्नु पर्छ त्यो भने अनपश्चित छ । समय परिस्थिति कता लम्किन्छ कसैलाई थाहा छैन बाँच्नकै लागि नागरिकलाई कठिन हुँदै गएको छ । एकातिर बेरोजगार को स्थिति छ अर्को तिर कर्मचारी ले तलब पाएका छैनन् । कतिपय यसै रोजगारी ले पेट गुजारा गर्दै आएका छन् । अर्को तिर उधोग धन्दा पुर्णरुमा बन्द भएका छन् यस्तो अवस्था मा भोको पेटल लिएर गरिव जनताले ऋयखष्म ज्ञढ संग कसरी बिजय हासिल गर्न सक्छन् । यो गम्भीर विषय हो यति बेला गरिव जनताको पहिलो शर्त जनताले बाँच्न पाउनु पर्दछ । नेपालमा अहिले पनि निर्वाहमुखी कृषि प्रणाली बाट खेति गर्छम । अनि किसानले बाली लगाउन , उठाउन नपाएमा यो अबस्थामा छ । कृषिको अभाव,मल औषधी उपार समय मा गर्न नपाएका कारण ले पनि किसानहरु प्रभावित भएका छन् । भने लकडाउन कै कारण फ्नो उत्पादन बजारसम्म लैजान सहज बाताबरण नहुँदा कतिले बस्तुलाई खुवाउने गरेका र कतिपयले जमिनमै गाडिको समचार पनि आइरहेका छन् । त्यसैगरी तेस्रो बर्ग जो बिहान बेलुकाको छाक टार्नकै लागि दिनरात पसिना वगाउने बर्ग पर्छन । जो दिन भरि श्रम बेचेर बेलुका भान्सामा चुलो बाल्ने यो बर्गलाई सरकारी गैह्रसरकारी तथा ब्यक्तिगत तवरबाट सिमित क्षेत्रमा केही राहत बितरण गरिए पनि जन बर्गले राहत पाउनु पर्ने हो । त्यो बर्गले पाउन नसकेको गुनासो पनि सुनिन्छ । कुनै कुनै गाउँपालिका र नगरपालिका मा त गाउँपालिकाको मातह मा वडाको खबर पनि सुन्न आइरहेको छ जनु आफु बाहिर जिल्ला र पाइपर्ने शहर बाट खरिद गरि भाडा ज्याला छुट भन्दै गरिव लाई चामल बेच्ने को खबर ले हामी सम्पुर्ण युवा बर्ग र नागरिक यसको गहिरो दुःख प्रकट गर्दछौं । साथै राहत को नाम मा आफ्ना पार्टीका कार्यकर्तालाई बाड्ने गरेको गुनासो पनि सुन्न आएको छ यस्ता वर्गमा परिवार पनि ठूलो हुने भएको र सिमित राहतले उनीहरु को पेट नभरिने हुनाले यस्ता परिवारहरु यति वेला आर्थिक मात्र नभएर कसरी परिवारको पेट भरौं र कोरोना संक्रमितका बिरुद्ध लडौं भन्ने मानसिक तनाव बडेको छ । तर्सथ यतिबेला रोगबाट बच्नका लागि संघर्ष गरिरहेका जनताले अब भोकका लागि संघर्ष गर्दागर्दै अप्रिय घटना नघट्ला भन्न सकिन्न यतिबेला प्रत्येक मध्यम र निम्न बर्गिय परिवार भान्सामा चुलो निभ्ने पक्का पक्कि भएको छ । महामारी झन फोर्स गाडी सरि दैडिरहेको छ । अझै कतिदिन लगडाउन बस्नु पर्छ त्यो अनिश्चित छ । समय परिस्थिति कता जाने हो थाहा छैन बाँच्ने कै लागि नागरिक लाई ठूलो कठिनाई हुँदै छ । एकातिर बेरोजगार को अबस्थामा अर्को तिर कर्मचारी तलब पाएका छैनन् । र यति बेला पहिलो सर्त जनता बाँच्न पाउनु पर्छ । अन्त्यमा स( यस्तो कठिन घडिमा सरकारले गाँस बाँस कपास को ग्यारेन्टी गर्नु पर्छ नत्र गरिव जनता रोगले नभएर भोकले मर्ने संख्या बढि हुनेछ । मध्यम तथा निम्न बर्गिय नागरिक लाई लक्षित गर्दै राहत प्याकेजको कार्यक्रम ल्याउनु नितान्त जरुरी छ । यस्तो कठिन घडीमा जनताको जीवन रक्षाको लागि फितलो रुपमा प्रस्तुत हुने र भोलि नेपाल र नेपाली ले मानविय क्षेति बेर्होनु पर्यो भने हामी स्थानीय सरकार देखि केन्द्रीय सरकारलाई नेपाली जनताले कदापि क्ष्यामा दिने छैनन् । शासकवर्ग पुरै मोज मस्ती मा छन उनिहरु लाई थप अवसर मिलेको छ जनताको पसिना मा रमाइरहेका छन राहतको नाममा बिचौलियाले राजनितीमा राज गरेका छन । बिगबिगी मौलाएको छ राहतको नाममा सकिन्छ भने म हैन हाम्रो सोचौ राजनीति कसैको ठेक्का होइन राहतको नाममा राजनिति नगर सकिन्छ भने राहतमा सम्पुर्ण लाई समेट्ने गरि रोजगारमुलक कृषि कार्यक्रम ल्याउ नेपाल कृषि प्रधान देश हो जनता को पसिना मा नरमाउ । कुसेन्युजबाट

# ३५ वर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि



**मिसन न्यूज**
**दैलेख**

दैलेख आठबिस नगरपालिकाको क्वारेनटाइनमा रहेका ३५ वर्षिय पुरुषमा कोरोना संक्रमण भेटिएको छ। प्रादेशिक अस्पताल सुर्खेतका निर्देशक डाक्टर डम्वर खड्काले ति पुरुषलाइ कोरोना संक्रमण भएको पुष्टी गरे ।

क्वारेन्टाइनमा रहेकाको स्वाब सुर्खेतमा परीक्षण गर्दा पोजेटिभ नतिजा आएपछि पुनः परीक्षणको लागी नेपालगंजस्थित भेरी अस्पतालमा सोमबार पठाइएको थियो। नेपालगंजमा गरिएको परीक्षणमा नतिजा पोजेटिभ आएपछि उनलाई कोरोना संक्रमण पुष्टी भएको डाक्टर खड्काले बताए। क्वारेन्टाइनमा रहेका उनलाई उपचारको लागी दैलेख अस्पताल ल्याउने तयारी भइरहेको छ ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# प्रदेश अस्पतालमा थप पाँचको पीसीआर रिपोर्ट पोजेटिभ



मिसन न्यूज
विरेन्द्रनगर

कर्णाली प्रदेशमा थप पाँचजनाको पीसीआर रिपोर्ट पोजेटिभ देखिएको छ। कर्णाली प्रदेश अस्पताल सुर्खेतमा थप पाँचजनाको रिपोर्ट पोजेटिभ आएको अस्पताल स्रोतले बताएको छ । सुर्खेत वीरेन्द्रनगरस्थित खुलामञ्चको क्वारेन्टाइनमा बसेका थप पाँचजनाको स्वाब रिपोर्ट जाँचगर्दा पोजेटी आएको छ । बाँके बर्दिया र सुर्खेतको नाका बबईमा शनिवार गरिएको आरडीटी परीक्षणमा पोजेटिभ आएका ११ जना मध्यपाँचजनाका रिपोर्ट पीसीआर गर्दा पोजेटिभ देखिएको हो। प्रदेश अस्पतालको प्रयोगशालामा गरिएको पीसीआर परीक्षणमा रिपोर्ट पोजेटिभ देखिएपछि उनीहरुको स्वाब पुनःपरीक्षणका लागि नेपालगञ्ज पठाइएको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य सेवा महाशाखाका प्रमुख डा.लक्ष्मीनारायण तिवारीले जानकारी दिए । उनिहरु पाँच जना भारतबाट आएका तिवारीले बताए। उनीहरुको स्थायी ठेगाना पहिचान गर्न शुरु गरिसकेको बताइएको छ । नेपालञ्जबाट १२ बजेसम्म पीसीआरको अन्तिम रिपोर्ट आइपुग्ने जनाइएको छ। शनिवार भारतबाट आएका तीन जनामा कोरोना पुष्टि भइसकेको छ। यसअघि दैलेख आठविस नगरपालिकाकाएक जनामा कोरोना पुष्टि भएको थियो। कर्णालीमा कोरोना संक्रमितको संख्याचार पुगेको छ। संक्रमित सबैको कोरोना विशेष अस्पताल कालागाउँको आइसोलेशनमा उपचार भइरहेको छ। संक्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्यकर्मीले बताएका छन् । प्रदेश विपद व्यवस्थापन समितिले केन्द्रीय विपद व्यवस्थापन समिति र नेपाल सरकारसँग भारतीय सीमानाकामै परीक्षणको व्यवस्था मिलाउन माग गरेको छ। सिमानामा रिपोर्ट नेगेटिभ आएकालाई मात्र सम्बन्धित जिल्ला र प्रदेशमा पठाउन अनुरोध गर्ने निर्णय भएको प्रदेश विपद् व्यवस्थापन समितिले जनाएको छ। कर्णालीमा दिनप्रतिदिन संक्रमण बढिरहेका छन्। कर्णालीमा उपचारको समेत राम्रो प्रबन्ध नभएको नागरिको गुनासो निरन्तर छ। प्रदेशभर रहेका २७ कोरोना विशेष उपचार केन्द्रमा ५ सय ४० आइसोलेसन बेड रहेका अस्पतालले जानकारी दिएको छ । अस्पतालहरुमा १ सय ५१ कोरोना बिशेष बेड, १७ भेन्टिलेटर र ४० आइसीयू बेड रहेका छन्।

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साँझ पख सधैं ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल (वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# स्वास्थ्य कार्यालयलाई प्लानले दियो स्वास्थ्य सामाग्री

मिसन न्यूज
कालिकोट

स्वास्थ्य सेवा कार्यालय कालिकोटलाई प्लान नेपालले स्वास्थ्य सामाग्री दिएको छ । मानवअधिकार तथा वातावरण विकास केन्द्र ( हुरेन्डेक) नेपालको प्राविधिक सहयोग र प्लान ईन्टरनेसनल नेपालको आर्थिक सहयोगमा सात हजार, सर्जिकल ग्लब्स, सात हजार पिस सर्जिकल मास्क, ६ सय पचास पिस एननाईनटि ५ मास्क, ८५ सेट पिपिई, ६५ वोतल सेनिटाइजर र १० पिस ज्वारो नाप्ने थर्मामिटर कार्यालयका प्रमुख डा. भीष्म पोखेरेलाई हस्तान्तरण गरिएको प्लान नेपालका कार्यक्रम संयोजक शुर्य रोकायाले जानकारी दिए । स्वास्थ्य सामाग्री बुझ्दै प्रमुख डा. पोखेलले जिल्लामा अहिले, स्वास्थ्य सामाग्रीको अभाव थियो यति सामानले ९ वटै स्थानिय तह र प्लान कार्यक्रम लागू क्षेत्रको लागि ठुलो सहयोग हुने बताए । औजार उपकरण बिनै नागरिकको स्वास्थ्य परिक्षण गर्नु परिरहेको अवस्थामा प्लानको सहयोगले ठुलो राहत पुग्ने बताए । यस्तै हुरेन्डेकका उपाध्यक्ष बिरेन्दबहादुर वुढाले, कोरोना भाइरस संक्रमण हुन नदिन आफ्नो संस्थाले स्थानिय सरकार र स्वास्थ्य सेवासंग संमन्वय गरी विभिन्न खालका कामहरू गर्दै आइरहेको जानकारि गराए । यो भन्दा अघि पनि प्लानले जिल्लाका तीन वटा स्थानिय तहका अतिविपन्न र असाहायलाई नगद राहत वितरण गरिसकेको पनि जानकारी दिए । क्वारेन्टाइनमा बसेका नागरिकहरूको अवस्था बुझी उनीहरूलाई पनि लत्ता कपडा सहयोग गरेको बताए । हुरेन्डेकका सचिव दिलिप कुमार शाहिले सो सामान हस्तान्तरण गरेका थिए । सामाग्री हस्तान्तरणमा प्रमुख जिल्ला अधिकारी कृष्ण चन्द पौडेलले विपत र संकटको बेला गरेको सहयोग सर्हानिय रहेको बताए । विपत व्यवस्थापन समितिसंग समन्वय गरी सहयोग गरिरहेको बताए ।





## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सलह किरा नियन्त्रणका लागि प्राविधिक समिति गठन

मिसन न्यूज
काठमाडौं

सलह किराको रोकथाम तथा नियन्त्रणका लागि अध्ययन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राविधिक समिति गठन गरेको छ । अफ्रिकी मुलुकबाट अरबियन देश हुँदै एसियाको इरान, अफगानिस्तान, पाकिस्तान र भारतसम्म आइपुगेको सलह किरा नेपालमा समेत आउने सम्भावना बढेको छ। यससँगै कृषि तथा पशुपन्छीं




विकास मन्त्रालयले उक्त किराबाट नेपालमा हुनसक्ने क्षति र रोकथामको विषयमा अध्ययन गर्न प्राविधिक समिति गठन गरेको हो । मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा. हरिबहादुर केसीले नेपालमा सलह किरा आउन सक्ने सम्भावना उच्च रहेकोले त्यसको रोकथाम कसरी गर्ने भन्ने विषयमा अध्ययन गर्न समिति गठन गरिएको बताए । उनले प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्रका प्रमुखको अध्यक्षतामा कृषि बैज्ञानिक र प्राविधिकहरु सम्मिलित समिति गठन गरिएको बताए । उनले भने, 'हामीले त्यसको पूर्व तयारी पहिलो आउने कि नआउने जोखिम कति हो भनेर विश्लेषण गर्नुपर्ने हुन्छ र आएको अवस्थामा गर्नुपर्ने कामहरु त्यसको पूर्वतयारी गर्नुपर्छ । त्यसको लागि हामीले एउटा प्राविधिक समिति बनाएका छौं । त्यो प्राविधिक समितिले अहिले अध्ययन गर्दै छ । भारतबाट नेपालमा आउन सक्ने सम्भावना कति हो ? आउन सक्ने सम्भावना छ भने त्यसको लागि हामीले गर्ने तयारी के के हुन ? त्यसका लागि विभिन्न विषादीहरुको उपलब्धताको कुरा हुनसक्छ, उपकरणहरुको कुरा हुनसक्छ ती कुरा हामीसँग छन की छैनन ? पहिला त्यो के चिज हो र त्यसको उपलब्धता तथा परिचालन कसरी हुन्छ भन्ने कुराको बारेमा तयारी गर्न प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्रका प्रमुखको अध्यक्षतामा नेपालमा उपलब्ध बैज्ञानिकहरु, प्राविधिकहरुको टिम बनाइएको छ । त्यो टीमले काम सुरु गरेको छ । त्यसले गरेको कामका आधारमा मन्त्रालयले के गर्नुपर्छ त्यो तयारी गर्दै जान्छ ।'

सलह किरा फट्याङ्गा वर्गको किरा हो । संयुक्त राष्ट्रसंघको कृषि तथा खाद्य संगठनले यो किराको नाम सलह (प्लेग) दिएको छ। यो किरा समूहमा बस्छ र कृषि बालिमा अमेरिकी फौजी किराले भन्दा बढी क्षति पुऱ्याउँछ। सलह किरा करोडौंको संख्यामा हुन्छन्। यो किराले हरियो वनस्पतिलाई छोटो समयमा पात र डाँठ समेत गरी खाइदिन सक्छ। यस्तै एक दिनमा १ सय ५० किलोमिटर भन्दा बढी टाढासम्म पुग्न सक्छन् । यो किरा

बाँकी ८ पेजमा.....

# क्षमता वृद्धिबारे छलफल गर्दै किम जोङ

एजेन्सी
अमेरिका

अमेरिकासँगको निःशस्त्रीकरण वार्तामा ढिलाइ भइरहेका बेला उत्तर कोरियाली नेता किम जोङ उनले देशको आणविक क्षमता वृद्धिका लागि नयाँ नीतिका विषयमा सैन्य अधिकारीसँग छलफल गरेका छन् । पछिल्लो तीन सातायता किम अहिलेसम्म कोरोनाको संक्रमण देशमा नदेखिएको उसको दाबी छ । गत महिना आफ्ना हजुरबुबा तथा उत्तर कोरियाका संस्थापक किम इल सुङको जन्मजयन्तीमा उनी उपस्थित नहुँदा सामाजिक सञ्जालमा उनको मृत्यु भइसकेको हल्लासमेत फैलिएको थियो । गत वर्षयता अमेरिका र उत्तर कोरियाबीचको निःशस्त्रीकरण सम्बन्धी वार्तामा



सार्वजनिक रुपमा यसरी देखिएको यो पहिलो अवसर हो। उनी अन्तिमपटक १ मेमा सार्वजनिक भएका थिए। पछिल्ला दुई महिनामा कोरोनाभाइरसको चिन्ताका कारण उनी निकै कम मात्र बाहिर निस्किएका छन्। उत्तर कोरियामा कोरोना भाइरसबाट बच्नका लागि कडाइ गरिएको छ, यद्यपी निकै कम प्रगती भएको छ। कोरोना भाइरसको विश्वव्यापी महामारीपछि यो अझै ओझेलमा छ। उत्तर कोरियाली समाचार संस्था केसीएनएका अनुसार बैठकमा सैन्य दस्ताको प्रवर्द्धन गर्ने र शत्रु तर्फबाट हुने साना वा ठूला खतरालाई नियन्त्रण गर्ने विषयमा छलफल भएको छ।

## सम्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# साताको भाग्यफल

| | |
|---|---|
| **मेष :** | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| **वृष :** | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| **मिथुन :** | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| **कर्कट :** | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| **सिंह :** | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| **कन्या :** | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| **तुला :** | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| **वृश्चिक :** | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| **धनु :** | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| **मकर :** | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| **कुम्भ :** | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| **मीन :** | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# भारतबाट भित्रिए पछि....................

पत्रकार गोविन्द केसीले चिन्ता व्यक्त गरे । आठबीस नगरपालिकाका उपप्रमुख दीपा बोहोराले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै कोरोना सङ्क्रमितको उपचार नभएको र प्रदेश सरकार उदासीन भएको आरोप लगाइन् । कोरोना पुष्टि भएका युवकलाई ३८ घण्टासम्म आइसोलेशनमा सुरक्षितरूपमा उपचार गराउन नसक्नु र सयौँको सङ्ख्यामा भारतबाट उद्धार गरी ल्याइएका व्यक्ति जिल्लामा अव्यवस्थितरूपमा विनास्वास्थ्य परीक्षण र भावी योजनाविनै धमाधम पठाउनु कमजोरी भएको दैलेखबाट निर्वाचित प्रतिनिधिसभा सदस्य पार्वती विसुन्केले बताइन् । जिल्लामा व्यवस्थित आइसोलेशन भएको र अहिले सङ्क्रमितको उपचार भइरहेको प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले जानकारी दिए । उनका अनुसार बाँकी अन्य श्यया पनि तयार हुँदैछन् । अब भारतबाट फर्किएकाहरुलाई स्थानीय सरकारले आफ्नै ठाउँमा रहेका क्वारेन्टाइनमा राख्नुपर्ने बताउँदै प्रजिअ कट्टेलले आवश्यक स्वास्थ्य परीक्षण सामग्री अभाव भए जिल्ला र प्रदेशसँग समन्वय गरी उच्च सतर्कता अपनाउन सके बाँकी सङ्क्रमण रोक्न सकिने बताए । सङ्क्रमित व्यक्ति भारतबाट आएका र स्थानीय क्वारेन्टाइनमा राखिएका हुँदा दिनहुँजसो जिल्लाका मान्छे धमाधम उद्धार गरी ल्याउँदा सन्त्रास बढ्नु स्वाभाविक रहेको जिल्ला अस्पताल दैलेखका प्रमुख डा निराजन पन्तले बताए । सबै स्थानीय तह गम्भीर भई सरकारले बनाएको मापदण्डलाई मानिदिने हो भने सङ्क्रमण फैलिनबाट रोक्न सकिने उनको बुझाइ छ ।

# सलह किरा नियन्त्रणका लागि................

भारतको राजस्थान हुँदै दिल्ली तथा आग्राको क्षेत्रसम्म आइपुगेको छ । नेपालमा पनि सूदुरपश्चिम प्रदेश र प्रदेश नम्बर पाँचमा सबैभन्दा पहिला आउन सक्ने अनुमान मन्त्रालयले गरेको छ । त्यसको लागि प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरुलाई जानकारी गराइसकेको प्रवक्त केसीले बताए । उनले सलह किराको नियन्त्रणका लागि विषादी प्रयोग गर्नुको विकल्प नहुने बताए । त्यसैले विषादीको उपलब्धता र त्यसको प्रयोग गर्ने उपकरणको उपलब्धताको तयारीको प्रक्रियामा मन्त्रालय लागिसकेको उनले बताए । उनले भने, ‘रोकथामको कुरा के हो भने यो आइसक्यो भने ठूलो संख्यामा आउँछ । यो करोडौंको संख्यामा आउँछ । यसले एकैचोटी थुप्रै किलोमिटर क्षति गर्ने हिसाबले आउँछ । हामीसँग आइसकेको अवस्थामा विषादी प्रयोग गर्नुभन्दा बाहेकको विकल्प हुँदैन । विषादी पनि ठूलो मात्रामा, ठूलो क्षेत्रमा छर्नुपर्ने हुन्छ । त्यसो भएको हुनाले सम्भवतः यो नआओस् सबैभन्दा राम्रो त्यही हो । आइहाल्यो भनेपनि हामी त्यसको लागि विषादीको उपलब्धता, त्यसका उपकरणहरुको उपलब्धताको बारेमा तयारीको प्रक्रियामा लागिसकेका छौं ।’ मन्त्रालयले सलह किराको आक्रमण र यसको जोखिम तथा रोकथामको बारेमा मिडियामार्फत किसानहरुलाई जानकारी दिने तयारी समेत थालेको प्रवक्ता केसीले बताए । यो किराको प्रकोप खासगरी जेठ महिनादेखि असोजसम्म हुने गर्छ । जलवायु परिवर्तन र वातावरणमा भएको सुख्खापनले सलह किराको जनसंख्या बढेको अन्तर्राष्ट्रिय कृषि वैज्ञानिकहरुले बताउँदै आएका छन् । नेपाल लगायत संसारका सबै भूभागमा वातावरणीय परिवर्तन हुँदा न्यानो बढेकोले यो किराको जीवन चक्रमा परिवर्तन आएको विज्ञहरुले बताए ।


## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

शुभकालिका गाउँपालिका
कालिकोट
कर्णाली प्रदेश, नेपाल

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित ‘ख’ वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


अवधि भाषामा

## आव. हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता:

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, ओइ छिकत निकालइवाला थुक, ओई नाकके माध्यमसे एक मनईसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकेवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे सावुन पानीसे हातमुह मल-मलके धोवजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाए । भीडमे नजावजाय, औरका नजावजाय बतावजाय ।

**और ध्यान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क कराबजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाइन टेलिफोन नं. ११११५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत